Distributed by:
Nepal Notary Public Council
S.N. 640198

# कोभिड-१९ को महामारीको समयमा जलजन्य विपद् जोखिम न्यूनीकरणलाई सम्बोधन गर्ने सिद्धान्तहरू

> कोभिड-१९ महामारीमा रहेका विभिन्न देश तथा सहरहरूमा जलजन्य विपद्[1] निरन्तर आसन्न छ भनी अगुवा, निणर्यकर्ता तथा नागरिकहरू सचेत हुनु जरूरी छ । वर्तमान महामारी अवस्थाका लागि विशेषरूपमा बनाइएका विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्यहरूले विपद् प्रभावित क्षेत्रलाई महामारी प्रकोपको केन्द्रबिन्दु हुनबाट बचाउँछन् र विपद्बाट द्रुत पुनर्लाभ प्राप्त गर्नमा सहायता गर्दछन् । तपसीलका सिद्धान्तहरूले राजनीतिक अगुवा, विपद् जोखिम न्यूनीकरण तथा कोभिड-१९ को प्रतिकार्यका प्रबन्धकहरू एंव सम्पूर्ण सरोकारवालाहरूका लागि रणनीति तथा कार्यहरू तर्जुमाका लागि व्यावहारिक सल्लाह प्रस्ताव गर्दछन । यस्ता प्रयासहरूले महामारीको समयमा समेत भविष्यमा कुनै पनि बेला हुन सक्ने जलजन्य विपद्लाई सम्बोधन गर्न सक्छन । जब सिद्धान्तहरूले जलजन्य विपद्लाई सम्बोधन गर्छन् तब तिनीहरू अन्य प्रकारका विपद्हरूमा समेत उत्तिकै उपयोगी हुन्छन् ।

जारी कोभिड-१९ को अवस्थामा, कोभिड-१९ को संक्रमण अल्पीकरण कार्यमा र बिरामी भएका व्यक्तिहरूको उपचारमा पनि तत्काल ध्यान दिइएको छ तथापि कोभिड-१९ को पहिलेको जस्तै हाल पनि जलजन्य विपद्को त्रास अझै निरन्तर आसन्न रहेको छ । जलजन्य विपद् जोखिम न्यूनीकरणको आपतकालीन प्रतिकार्य तथा कोभिड-१९ को स्वास्थ्य हेरचाह प्रतिकार्यमा प्रतिस्पर्धा तथा जटिलताले केही देश तथा सहरमा नकारात्मक प्रभावलाई वृद्धि गर्न सक्छ ।

जलजन्य प्रकोपले प्रभावित क्षेत्र जो महामारीको नयाँ केन्द्र र क्षेत्र भइरहेका छन् ती स्थानहरूको संरक्षणका लागि विपद् जोखिम न्यूनीकरण रणनीति र रोकथामका कार्यहरू जो यो महामारीको बीचमा पनि अत्यावश्यक छन् तिनको कार्यान्वयन आवश्यक छ । तपसीलका सिद्धान्तहरूले सहघटित

---

[1] यस कागजातमा जलजन्य विपद् भन्नाले जलद्धारा पुग्ने असरका सबै प्रकारका विपद्हरु भन्ने सम्झनु पर्छ । यस अन्तर्गत भारी वर्षा, आँधी, बाढी, सुक्खा पहिरो, भूक्षय, सुनामी, ज्वारभाटा, द्रवीकरण, हिमनदी ताल विस्फोट भएर आउन सक्ने बाढी तथा जल प्रदूषण दुर्घटना पर्दछन् । जलजन्य विपद्मा प्रभावित व्यक्तिहरुको संख्याका आधारमा सम्पूर्ण विपद्को ९५% भन्दा बढी व्यक्तिहरु समाविष्ट हुन्छन् । विश्वका १००० मुख्य विपद्हरु मध्ये ९०% भन्दा बढी जलजन्य छन् ।

NOTARY PUBLIC
Name: Ambika Pd. Menengbo
Regd. No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu
NEPAL NOTARY PUBLIC COUNCIL



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public
30 JAN 2022

जलजन्य विपद्को कारणले बढ्दो असरलाई छल्न कसरी तयार हुने तथा प्रतिकार्य गर्ने भनेर राजनीतिक अगुवा, विपद् जोखिम न्यूनीकरण तथा कोभिड-१९ का प्रबन्धक तथा सम्पूर्ण सरोकारवालाहरूलाई व्यावहारिक सल्लाह दिन्छ ।

जलजन्य विपद्हरूलाई सम्बोधन गर्न देहायका सिद्धान्तहरूको पहिचान भएकोतापनि तिनीहरू अन्य प्रकारका विपद्लाई न्यूनीकरण गर्न समेत उत्तिकै उपयोगी छन् ।

**सिद्धान्त १: महामारीमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अगुवाहरूको सचेतना अभिवृद्धि गराउने,**

**सिद्धान्त २: विपद् तथा महामारीका जोखिम व्यवस्थापन कार्यहरू एकीकृत गर्ने,**

**सिद्धान्त ३: विपद् अगाडि, विपद्को घटनाको बेला वा त्यस पश्चात् दिगो रूपमा सफा पानी, सरसफाइ तथा स्वच्छता उपलब्ध गराउने,**

**सिद्धान्त ४: कोभिड-१९ को त्रासबाट विपद् व्यवस्थापन सरोकारवालाहरूलाई बचाउने,**

**सिद्धान्त ५: विपद्को असरबाट सीमित स्वास्थ्य स्रोत-साधनहरूको सुरक्षा गर्ने,**

**सिद्धान्त ६: विपद्बाट विस्थापितहरूलाई कोभिड-१९ को खतराबाट बचाउने,**

**सिद्धान्त ७: विपद्को त्रासबाट कोभिड-१९ का विरामीहरूलाई बचाउने,**

**सिद्धान्त ८: कोभिड-१९ को समयमा लकडाउनमा रहेका सहर तथा क्षेत्रका लागि विशेष निःसंक्रमण निर्देशिका बनाउने,**

**सिद्धान्त ९: कोभिड-१९ को समयमा आर्थिक विनाश छल्न विपद् जोखिम न्यूनीकरणका कार्यहरूमा प्रभावकारी रूपमा लगानी गर्ने,**

**सिद्धान्त १०: हाम्रो विश्वलाई अझ राम्रो बनाउन यस्ता सहघटित चुनौतीहरूको सामना गर्न विश्वव्यापी ऐक्यबद्धता र अन्तर्राष्ट्रिय सहकार्य सुदृढ पार्ने,**

*बाढी वा सुक्खाको कारणले उत्पन्न हुने विपद्ले विपद् प्रतिकार्य तथा पुनर्लाभलाई कोभिड-१९ को अल्पीकरणद्वारा जटिल बनाइएको छ तथा यस्को विपरीत भएको छ ।*

**सिद्धान्त १: महामारीको बेला विपद् जोखिम न्यूनीकरण बारे अगुवाहरूको चेतना वृद्धि गर्ने,**

- कोभिड-१९ को महामारीको समयमा जलजन्य विपद् कुनै पनि देश तथा सहरमा आसन्न रहन्छ भनेर सचेत हुने । विपद् तथा महामारी दुबै खालका प्रभावित क्षेत्रहरूमा परिस्थिति जटिल तथा अन्योलपूर्ण हुन सक्ने भएकोतापनि यसका चुनौतीको सामना गर्न लिइने चरणबद्ध निर्णय तथा क्रियाकलापहरूले सहयोग पुर्याउनेछन् । जिम्मेवारी अत्यधिक तथा जटिल हुन सक्छ तर नत्यागने

NEPAL NOTARY PUBLIC COUNCIL
नेपाल नोटरी पब्लिक परिषद्
Name: Ambika Pd. Menengbo
Regd. No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu



The Translation Copy is True and Verified
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public

3 0 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640199

। विपद् जोखिम न्यूनीकरण सम्बन्धी निर्णय गर्दा महामारी अवस्थाको विचार गर्ने वा महामारीबारेको निर्णय गर्दा विपद् जोखिम न्यूनीकरण अवस्थाको विचार गरेमा यसले पछि आउने द्विविधालाई हटाउन मद्दत गर्दछ ।

- विपद् तथा महामारी जोखिम व्यवस्थापन रणनीति तथा कार्यहरूलाई एकीकरण गर्ने । जारी छलफल तथा एकीकृत सल्लाहको आधारमा सल्लाह दिन विपद् जोखिम न्यूनीकरण तथा कोभिड-१९ विशेषज्ञहरूको संयुक्त टोलीलाई एकजूट बनाउने । उनीहरूसँगको परामर्शमा अत्यावश्यक निर्णय गर्ने ।
- यदि जलजन्य विपद् घटना भइहालेमा अत्यावश्यक स्वास्थ्य सामग्री तथा विपद् जोखिम न्यूनीकरण मा सलंग्न कर्मचारीहरूको सुरक्षा गर्नुको साथै रोग फैलावट तथा सहघटित विपद्को बढ्दो प्रभावलाई निवारण गर्न विद्युत्, यातायात, जल तथा स्वच्छता जस्ता आधारभूत सेवाहरूलाई शीघ्र सुचारू वा पुनः प्राप्ति गर्ने । यसका लागि अत्यावश्यक पूर्वाधारको आपतकालीन संरक्षण योजना तथा पुनर्लाभ सामग्री/उपकरणको आपत्कालीन आपूर्ति व्यवस्था जस्ता पूर्वानुमान उपायहरू अपनाउन विपद् जोखिम न्यूनीकरण प्रबन्धकहरूलाई अनुरोध गर्ने । आपत्कालीन अवस्थामा विपद् जोखिम न्यूनीकरणका लागि कर्मचारी तथा उपकरणको शीघ्र परिचालन गर्ने प्रणाली स्थापित गर्न विपद् जोखिम न्यूनीकरण प्रबन्धकहरूलाई अनुरोध गर्ने, किनभने सरकारी अधिकारीहरू कार्यालयमा आलोपालो काममा हुन सक्छन् तथा कोभिड-१९ को बेला सार्वजनिक कामहरू बन्द हुने हुँदा तिनीहरू तुरून्तै उपलब्ध नहुन सक्छन् ।
- महामारीको बिचमा सम्भावित विपद्का घटनाका लागि तयार रहन तत्काल प्रभावकारी हुने विपद् जोखिम व्यवस्थापन योजना बनाउने सम्बन्धमा विपद् जोखिम न्यूनीकरण प्रबन्धकहरूलाई अनुरोध गर्ने । अस्पताल, स्वास्थ्य सुविधा तथा कर्मचारीहरूको सुरक्षालाई प्राथामिकता दिनुपर्छ । विपद् जोखिम न्यूनीकरण तथा कोभिड-१९ को रोकथाम अवधारणा अनुसार कोभिड-१९ को समयमा विपद् जोखिम न्यूनीकरण योजनाले पुरुष, महिला, युवा तथा बालबालिका, ज्येष्ठ नागरिक, राज्यविहीन जनता, आप्रवासी, विस्थापित जनसंख्या जस्तैः शरणार्थी तथा आन्तरिक रूपमा विस्थापित जनता, राज्यविहीन जनता, दैनिक कामदार, झुपडी बस्ती, घरविहीन तथा दीर्घरोगीहरू जस्ता कोभिड-१९ को संकटासन्नताका व्यक्तिहरूलाई सम्बोधन गर्नुपर्छ । कोभिड-१९ को तथा विपद् दुवैको सामना गर्न प्रभावकारी एकीकृत योजना स्थापित गर्न सकियोस् भनी

NOTARY PUBLIC
NEPAL NOTARY PUBLIC COUNCIL
नोटरी पब्लिक
Name: Ambika Pd. Menengbo
Regd No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu
नेपाल नोटरी पब्लिक परिषद्



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public

30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640200

लिंग, उमेर, जाति, दीर्घरोग भएका/नभएका, उपयुक्त विशिष्ट समूहहरूका आधारमा कोभिड-१९ को तथा विपद् प्रभावित व्यक्तिहरू सम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने ।

- नागरिक रक्षा अधिकारीहरू तथा आकस्मिक स्वास्थ्य सेवाले पहिलेदेखि नै कोभिड-१९ को प्रतिकार्य गरिरहेका हुनाले आफ्ना प्रतिस्पर्धात्मक जिम्मेवारीहरूलाई सन्तुलित गर्ने प्रयोजनले विपद् तथा कोभिड-१९ को एकसाथ सम्बोधन गर्न उनीहरूसँग आपत्कालीन कार्यकारी योजनाहरू छन् भनी सुनिश्चित गर्ने ।
- कोभिड-१९ को वृद्धिको अवस्थामा स्वच्छता, खास गरेर हात धुलाई एउटा अत्यावश्यक अन्तर्वस्तु भएको हुनाले विपद्को बेला तथा त्यसपश्चात् दिगो खानेपानी आपूर्ति तथा सरसफाइका लागि मानव तथा आर्थिक स्रोतसाधनहरूको बाँडफाँडलाई उच्च प्राथमिकता दिने ।
- यस कागजातका सिद्धान्तका विषयहरूलाई राष्ट्रिय तथा समुदाय विपद् जोखिम न्यूनीकरण योजनामा समेटने । आफ्नो व्यवसाय निरन्तरताका योजनामा सिद्धान्तका विषयहरू समेट्न सम्पूर्ण विपद् जोखिम न्यूनीकरण सरोकारवाला तथा निजी क्षेत्रहरूलाई अनुरोध गर्ने ।

*प्रभावकारी तथा कुशल प्रतिकार्यका लागि विपद् जोखिम न्यूनीकरण तथा कोभिड-१९ अल्पीकरणका प्रतिनिधिहरूले समन्वय गर्नु आवश्यक छ ।*

**सिद्धान्त २: विपद् तथा महामारी जोखिम व्यवस्थापन सम्बन्धी एकीकृत कार्यहरू**

- एकीकृत जोखिम व्यवस्थापन प्रणालीमा स्वास्थ्य क्षेत्रलाई पूर्णरूपमा समेट्न। कोभिड-१९ को अवधिमा विपद् जोखिम न्यूनीकरण शासनलाई सुदृढीकरण गर्न सेन्डाई कार्यसंरचना (Sendai Framework) तथा अन्य अन्तर्राष्ट्रिय निर्देशिका, जोखिममा आधारित अवधारणा, वृहत् आकस्मिक व्यवस्थापन, सम्पूर्ण प्रकोप अवधारणा, समावेशी, जन तथा समुदाय केन्द्रित अवधारणा, बहुपक्षीय एवं बहुआयमिक सहकार्य, सम्पूर्ण स्वास्थ्य प्रणालीमा आधारित अवधारणा, नैतिक मान्यताहरू जस्ता आधारभूत अवधारणाहरूको प्रयोग गर्ने । जैविक प्रकोप लगायत सबै प्रकारका प्रकोपहरूप्रतिको उत्थानशीलतालाई समुन्नत बनाउन विपद् जोखिम न्यूनीकरण / सहकार्य तथा कार्ययोजना प्रोटोकललाई पुनरवलोकन तथा समायोजन गर्नु आवश्यक छ ।
- कोभिड-१९ को अवधिमा घटित भारी वर्षा, बाढी, आँधि तथा तूफानका घटनाहरूलाई तत्काल अन्यलाई बताउने तथा त्यसबाट सिक्ने । यस्ता धेरै पाठहरू यी सिद्धान्तहरूमा समेत झल्किएका छन् ।

NOTARY PUBLIC
NEPAL NOTARY PUBLIC COUNCIL

"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public



3 0 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640201

- कोभिड-१९ को परिस्थितिमा विपद् जोखिम न्यूनीकरण अवधारणहरू सम्बन्धी परिस्थिति विशेष निर्देशिका तथा वेविनार बनाउने जसले तपाइको विशेष, सामाजिक, सांस्कृतिक, भौगोलिक तथा आर्थिक पूर्वाधार झल्काउँछ । कोभिड-१९ को अवधिमा विपद् जोखिम न्यूनीकरण प्रबन्धकहरू तथा सरोकारवालाहरूद्धारा जलजन्य विपद् व्यवस्थापन नमुना अभ्यासहरू गर्नेबारे विचार गर्ने ।
- विपद् आउनु अगाडि नै प्रकोप एवं विपद् जोखिम घटना देखाउने नक्सा तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सल्लाह अस्पताल तथा स्वास्थ्य सुविधाहरू उपलब्ध गराउने निकायहरूलाई प्रदान गर्ने । विपद्/कोभिड-१९ को प्रभावित क्षेत्र तथा सुविधाहरूको अतिव्यापी नक्सा बनाउने । जोखिम उन्मुख क्षेत्रहरूमा भ्रमण नगरेर संक्रमण तथा विपद् दुबै खालको जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ । विपद् तथा महामारीको दोहोरो असरको कारणले असुरक्षा तथा घरेलु तहमा पानी असुरक्षाबारे प्रकोप नक्सामा समेट्नु पर्छ ।
- विद्यमान पूर्वचेतावनी तथा निः संक्रमण प्रणालीलाई पुनरवलोकन तथा सुधार गर्ने ता कि यसबाट कोभिड-१९ को संक्रमणको सुरक्षित निः संक्रमण तथा रोकथाम दुबै खालका आवश्यकता पुरा हुन्छन् । संक्षिप्त तथा स्पष्ट पूर्वचेतावनी सञ्चार सन्देशको विकास गर्ने जुन महामारीप्रतिरोध तथा निर्देशिकाको सन्दर्भमा प्राकृतिक विपद्बाट निः संक्रमण तथा अन्य प्रतिकार्यसँग सम्बन्धित हुन्छ ।
- विपद् जोखिम न्यूनीकरण तथा कोभिड-१९को बारेसंयूक्त जोखिम सचेतना अभियानहरू सञ्चालन गर्ने । रोकथाम कार्ययोजना कार्यान्वयन गरी तथा विपद्प्रति बढिरहेको उत्थानशिलता बारे ज्ञान बढाई विशेष तयारी अवस्थामा रहन स्वास्थ्य महामारी लगायत जोखिम तत्वप्रति बढिरहेको विपद् उत्थानशिलताको महत्वबारे चेतनाको विकास गर्ने । उच्च जोखिम क्षेत्रमा सहघटित विपद्बारे जोखिम मूल्यांङ्कन तथा जानकारी गराउने ।
- विपद् व्यवस्थापन टोलीहरूले विपद्पश्चात्को असरको प्रतिकार्य तथा कोभिड-१९ का घटनाहरूलाई सम्बोधन गर्न लिइने प्रतिकार्य तथा प्रयासहरूमा पारदर्शिता सुनिश्चित गर्ने । जनता तथा विपद् प्रभावित व्यक्तिहरूले मान्य तथा अद्यावधिक सूचना प्राप्त गर्न सक्षम हुनुपर्छ । खास गरी रोगसँग लडने स्रोत जुटाउनका लागि आवश्यकता (तथ्यको आधारमा) तथा सहयोगको उपलब्धता (जनस्तरबाट) बीच समन्वय गरी सामाजिक सहकार्यलाई उत्पादनशील बनाउन विपद् व्यवस्थापन टोलीले सहजकर्ताका रूपमा कार्य गर्नुपर्छ । सहकार्यको मञ्च तयार पार्ने जहाँ सहयोगलाई तत्काल आवश्यकतासँग समन्वय गर्न सकिन्छ ।

NOTARY PUBLIC नोटरी पब्लिक
Name: Ambika Pd. Menengbo
Regd. No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu
NEPAL NOTARY PUBLIC COUNCIL नेपाल नोटरी पब्लिक परिषद्



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public
10 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640202

- युवाहरूको व्यवहार रोगनियन्त्रणमा निर्णयक तत्वको रूपमा रहने हुनाले कोभिड-१९ को फैलनबाट रोक्न तथा विपद् जोखिम न्यूनीकरणका लागि ऐक्यबद्धता तथा सहकार्यको आह्वान गर्न विद्यमान युवा समूहलाई सक्रिय बनाउने । युवाहरूको विशेष क्षमताहरू जस्तैः ICT, नयाँ खोजको प्रयोग गरेर तथा उनीहरूको स्थानीय समकक्षीहरूलाई परिचालन गरी कोभिड-१९ को महामारीको समयमा विपद् व्यवस्थापन, राहत तथा पुनः प्रप्ति क्रियाकलापहरूका लागि युवा समूहसँग सहकार्य गर्ने ।

*कोभिड-१९ को निवारण तथा विपद्बाट शीघ्र पुनः प्रप्ति गर्नको लागि सफा पानी, सरसफाइ तथा स्वच्छता अत्यावश्यक तत्व हुन् ।*

**सिद्धान्त ३ः विपद् अगाडि, विपद्को घटनाको बेला वा त्यसपश्चात् दिगो रूपमा सफा पानी, सरसफाइ तथा स्वच्छता प्रदान गर्ने**

- प्राकृतिक प्रकोपमा प्रायजसो पानीको समस्या हुन्छ र यसले कोभिड-१९ अल्पीकरणको प्रयासलाई असर पार्ने कुरामा सचेत रहने । कोभिड-१९ भाईरसलाई व्यक्तिबाट व्यक्तिमा सर्नबाट रोक्न हात धुलाइ, फोहोर व्यवस्थापन तथा अन्य अभ्यासहरूलाई जीवन्त राख्न पानीको अत्यन्तै अभाव हुने क्षेत्रमा विपद्ले असर पार्न सक्नेछ । सरसफाइ सम्बन्धी संकट रोक्ने प्रयासहरूलाई पानीको अभावले बाधा पुर्याउन सक्ने हुनाले सुख्खाको कारणले हुने जोखिमप्रति विशेष ध्यान दिनुपर्छ ।
- पानी पूर्वाधार, विशेष गरी मुहान,स्रोतमा रहेको जलस्रोतलाई दूषित हुनबाट बचाउने । विपद् तथा महामारीका थप प्रकोपहरू रोकथाम गर्न वर्सातको पानी संकलन तथा फोहोर पानीको पुनःप्रयोगको साथै दूषित नभएका वैकल्पिक स्रोतहरूको प्रयोग गर्ने बारेमा विचार गर्ने ।
- पानी सेवा प्रदायकहरूले बनाउने विपद् जोखिम न्यूनीकरण योजनामा प्राकृतिक प्रकोपमात्र होइन महामारीका असरहरू समेत् समेट्नुपर्छ । महामारीले कर्मचारीहरू तथा सेवा व्यवस्थालाई प्रभावित पार्छ । स्वास्थ्य केन्द्र, पानी/सफाइ प्रवेश बिन्दु तथा आकस्मिक कर्मचारीहरू जस्ता विभिन्न माध्यम मार्फत् प्रक्रियाका सम्पूर्ण चरणहरूमा स्वच्छता प्रवर्द्धनलाई समेट्नुपर्छ ।
- विशेष गरेर विपद्को समयमा जोखिम रोकथाम प्रयोजनको लागि भाइरस संक्रमित सुमदायबाट निस्केको फोहोर पानीमा कोभिड-१९ को असर पहिचान गर्न अनुसन्धान तथा सर्वेक्षण प्रवर्द्धन गर्ने । नयाँ अवधारणा जस्तै फोहोर पानीमा आधारित महामारी विज्ञानबारे खोज गरिनुपर्छ । पानी तथा ढल व्यवस्थाबाट कोभिड-१९ को सम्भावित फैलावटबारे पूर्वानुमान गर्न उल्लिखित विषयहरू प्रभावकारी तथा सञ्चालन गर्ने उपायहरू हुन सक्छन् ।

NEPAL NOTARY PUBLIC COUNCIL
Name: Ambika Pd. Menengbo
Regd. No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public
30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640203

- खानेपानी सेवा प्रदायकलाई आफ्नो व्यवसाय निरन्तरताको योजना बनाउँदा डिजिटल उपकरण तथा रिमोट स्वचालित यन्त्र/अनुगमन प्रणालीको भूमिका बढाउन अनुरोध गर्ने। कोभिड-१९ को समयमा यदि सम्भव भएमा सबै र नभएमा अत्यावश्यक सेवा पानी तथा फोहोर पानी सम्वद्ध कार्यकारी टोली, नियन्त्रण केन्द्र तथा प्रयोगशाला कर्मचारीहरूले दूरी कायम राखी काम गर्नुपर्नेछ । फिल्डमा काम गर्ने कामदारहरूका लागि टोलीहरूलाई क्वारेन्टाइन चक्र भनिने अलग अलग कार्य शिफटमा खटाइनुपर्छ र कोभिड-१९ को व्यक्तिगत सुरक्षा उपकरणमा उनीहरूको अनिवार्य पहुँच हुनुपर्छ।

*निरन्तर रूपमा महामारीको अवस्थामा बाढी तथा सुख्खाका लागि प्रतिकार्य तथा पुनर्लाभको अवधिमा आवश्यक पर्ने अत्यावश्यक पूर्वाधार तथा मानव पूँजी उपलब्ध छन्।*

**सिद्धान्त ४: कोभिड-१९ को त्रासबाट विपद् व्यवस्थापन सरोकारवालाहरूलाई बचाउने**

- कोभिड-१९ को बारे विपद् जोखिम न्यूनीकरण सरोकारवालाहरूलाई प्रशिक्षित गराउने तथा उनीहरूको क्षमतालाई रणनीतिक रूपमा प्रवर्द्धन गर्ने। विपद् व्यवस्थापकीय अधिकारी तथा स्वयंसेवकहरूलाई संक्रमणबाट कसरी बचाउने भनेर सुलभ, संक्षिप्त तथा स्पष्ट निर्देशिका प्रदान गर्ने। उदाहरणका लागिः सल्लाह पर्चा, वेविमिनारको व्यवस्था तथा अन्य कुनै व्यवस्थाको प्रयोग गर्ने। विपद् जोखिम न्यूनीकरण क्रियाकलापहरूको लागि हाते पुस्तिका तथा दैनिक जाँचसूचीमा सामाजिक दूरी कायम राख्ने सम्बन्धी निर्देशनहरू समेट्ने।
- विपद् जोखिम न्यूनीकरण सरोकारवाला तथा स्वयंसेवकहरू विपद् पूर्वतयारी/पुनर्लाभ क्रियाकलापहरूमा सहभागी हुँदा मास्क जस्ता कोभिड-१९ को सुरक्षा मापदण्डद्धारा सुसज्जित गर्ने / गराउने। उच्च संक्रमणयुक्त घटनाहरूमा प्रयोग गरिने मास्क तथा कोभिड-१९ मा संलग्न कर्मचारी सुरक्षा उपकरणहरूलाई सम्भव भएसम्म भण्डारण गर्ने। गैर स्वास्थ्य उपयोगमा व्यक्तिगत सुरक्षा उपकरण अधिक आपूर्ति भएको बखतमा महामारी अवधिमा विपद् जोखिम न्यूनीकरण कार्मचारीहरूका लागि आवश्यक व्यक्तिगत सुरक्षा उपकरण भण्डारण कार्य प्रभावकारी हुनेछ।
- सहकर्मीहरू तथा विस्थापित व्यक्तिहरूसँगको सम्पर्कको कारणले हुने सम्भावित संक्रमण रोकथाम गर्न विपद् व्यवस्थापन कर्मचारीहरूले आफ्नो स्वास्थ्यको दैनिक जाँच गर्ने / गराउने।

NOTARY PUBLIC नोटरी पब्लिक
Name: Ambika Pd. Menengbo
Regd No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu
NEPAL NOTARY PUBLIC COUNCIL नेपाल नोटरी पब्लिक परिषद्



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public

30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640204

- तत्काल विपद् रोकथाम/पुनर्लाभका लागि तथा तत्काल विपद् जोखिम न्यूनीकरण / सरोकारवाला तथा स्वयंसेवकहरूको यात्राका दौरान कोभिड-१९ को बढी प्रभावित क्षेत्रबाट कम प्रभावित क्षेत्रमा रोग नसार्नका लागि सन्तुलन कायम राख्ने ।
- अनुगमन गुणस्तर तथा विपद् सम्बन्धी सतर्कताको जाँच गर्ने तथा नियमित रूपमा सुचारू राख्ने किनकि इन्चार्ज अधिकारीको क्वारेन्टाइनले यसलाई असर पार्न सक्नेछ ।

**सिद्धान्त ५: विपद् असरबाट सीमित स्वास्थ्य स्रोत-साधनहरू बचाउने**

- अस्तपाल तथा स्वास्थ्य सुविधालाई निः संक्रमण स्थान भनि नतोक्ने । प्रकोप नक्सा तथा विपद् जोखिम न्यूनीकरण योजनामा निः संक्रमण स्थानका रूपमा तोकिएका स्थानबाट भवन तथा सुविधालाई हटाउने ।
- विपद् असरबाट प्रभावित हुन सक्ने स्वास्थ्य कर्मचारी, सुविधा तथा उपकरण सुरक्षालाई प्राथमिकतामा राख्ने ।
  - ➢ जलजन्य विपद् (बाढी इत्यादि) बाट अत्यावश्यक विद्युत् उत्पादन उपकरणलाई सुरक्षित क्षेत्रहरूमा सारेर तथा अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य सुविधाहरूमा सहायक विद्युत् आपूर्ति उपकरणको व्यवस्था गरेर,
  - ➢ विपद् जोखिम न्यूनीकरणबारे सही सल्लाह सम्प्रेषण गर्ने गराउने तथा विपद् व्यवस्थापन कर्मचारीलाई अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य सुविधाहरूमा शीघ्र पठाएर,
  - ➢ प्रारम्भिक चरणमा नै आवश्यक स्वास्थ्य उपकरण तथा सामग्रीहरूलाई माथिल्लो तलामा सारेर,
  - ➢ सङ्क्रमित क्षेत्रलाई ध्यानमा राख्दै बिरामी तथा स्वास्थ्य कर्मचारीहरूको लागि निः संक्रमण योजना बनाएर,
  - ➢ विपद्को कारणले खानेपानी तथा सरसफाइ सेवा अवरूद्ध भएमा अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य सुविधाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतालाई प्राथमिकतामा राखेर,
  - ➢ बाढीग्रस्त बगरजस्ता विपद् उन्मुख क्षेत्रमा थप अल्पकालीन कोभिड-१९ का अस्पतालहरू नबनाई महामारी प्रतिकार्यका लागि आवश्यक पर्ने अतिरिक्त स्वास्थ्य सुविधाका लागि सुरक्षित स्थानको पहिचान गरेर,
  - ➢ आसन्न विपद् अगाडि आकस्मिक व्यवस्थापनका लागि जिम्मेवार स्वास्थ्य कर्मचारीहरूलाई आधारभूत विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण गराएर ।

NOTARY PUBLIC
Name: Ambika Pd. Menengbo
Regd. No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu
नेपाल नोटरी पब्लिक परिषद्
NEPAL NOTARY PUBLIC COUNCIL



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public
30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640205

*प्राकृतिक प्रकोप तथा कोभिड-१९ को जोखिमको सम्मिश्रणले जनधनको नोक्सानी हुने सम्भावना उच्च रहन्छ ।*

**सिद्धान्त ६: विपद्बाट विस्थापितहरूलाई कोभिड-१९ को त्रासबाट बचाउने**

- सामाजिक दूरी, स्वच्छता सहजीकरण तथा असल आश्रय कार्याविधि सुनिश्चित गर्न आवास अनुकूलित संलग्न निः संक्रमण योजनालाई तत्काल बनाउने वा परिमार्जन गर्ने । कार्य समूह संक्रमण रोकथाम गर्न निः संक्रमण भवन/सुविधामा उचित वायुसंचारको व्यवस्था गर्ने । आवासका लागि अतिरिक्त भवन तथा ठाउँहरूको पहिचान गर्ने र सामाजिक दूरी तथा स्व-क्वारेन्टाईनको लागि अलग स्थानहरूको व्यवस्था गरेर कोभिड-१९ का विस्थापितहरूको सुरक्षाको लागि विशेष आवश्यकताहरू पुरा गर्न सकिन्छ । सम्भव भएसम्म स्व-क्वारेन्टाइन विरामीहरूको लागि स्वास्थ्य सुविधाहरू तथा अलग निः संक्रमण भवन/सुविधा/क्षेत्र सहित कोभिड-१९ का विरामीहरूको लागि विशेष आवास स्थापना गर्न सकिन्छ ।
- जहिले जहाँसुकै सम्भव भएसम्म ठाडो निःसंक्रमणलाई प्राथामिकता विधिका रूपमा प्रवर्द्धन गर्ने । यसको मतलब सुरक्षित ठानिएमा विस्थापितहरूको आफ्नै वा छिमेकी भवनको दोस्रो वा माथिल्लो तलालाई निः संक्रमण गर्न सकिन्छ । यसले दुर्घटनाबाट बचाउँछ, निः संक्रमण अवधिमा विपद्सँग मुकाबिला गर्न सकिन्छ र निः संक्रमण आवास क्षेत्रमा जनघनत्व कम गर्दै भाइरसको संक्रमण जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ । समतल होचो भूमि भएको जस्ता कारणले चाँडो निः संक्रमण बनाउन असम्भव हुने क्षेत्रहरूमा विस्थापितहरूको भिडभाड नहोस् भन्नका लागि समयमा नै निः संक्रमणका लागि अग्ला भवन, आवास तथा स्थानहरूको संख्या वृद्धि गर्नेबारे स्थानीय समुदायसँग छलफल गर्ने ।
- सामाजिक समावेशिता अवधारणा अन्तर्गत ज्येष्ठ, अपाङ्ग, गर्भवती तथा दीर्घरोग भएका बिरामीहरू जस्ता अत्यन्त सघन संकटासन्नताको अवस्थामा रहेका व्यक्तिहरूलाई मिश्रित प्रकोपबाट बचाउन पूर्व निः संक्रमण तथा हेरचाह पहिचान गर्ने तथा योजना बनाउने ।
- विस्थापितहरूलाई पर्याप्त सफा खानेपानी, सावुन, सरसफाइका सामानहरू तथा सरसफाइ प्याडहरू उपलब्ध गराउने ।
- विस्थापितहरूको तापक्रम जाँच गर्ने जस्ता आधारभूत स्वास्थ्य जाँच सञ्चालन गर्ने ।
- विस्थापितहरूलाई तथा उनीहरूबीच हुन सक्ने कुनै पनि कोभिड-१९ का सम्बन्धित भेदभावको रोकथाम गर्ने । आतङ्कको अवस्थामा गलत तथा नक्कली जानकारीहरू तुरुन्तै तथा व्यापकरूपमा

NEPAL NOTARY PUBLIC COUNCIL
नेपाल नोटरी पब्लिक परिषद्
Name: Ambika Pd. Menengbo
Regd. No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public 30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640206

फैलने हुनाले विपद् तथा कोभिड-१९ को अवस्था तथा प्रभावबारे पारदर्शीरूपमा सही सूचना घोषणा तथा वितरण गरिराख्ने ।

- विपद् अगाडि नै नागरिकहरूलाई निः संक्रमण किटमा मास्क, वाईप, साबुन, टावेल तथा थर्मोमिटर समावेश गर्ने भनी सल्लाह दिने ।
- चन्दाका रूपमा नगद मात्र माग्ने किनभने सामग्रीहरू महामारीको बेला दूषित हुन सक्छन् । नगद मार्फत हुने कोभिड-१९ को जोखिम न्यूनीकरण गर्न विपद् जोखिम न्यूनीकरणका लागि गरिने भुक्तानी प्रत्येक कारोवार विद्युतीय रकम हस्तान्तरण मार्फत् गर्ने कार्य प्रवर्द्धन गर्ने ।

**सिद्धान्त ७: कोभिड-१९ का बिरामीहरूलाई विपद् त्रासबाट बचाउने**

- विपद् जोखिम न्यूनीकरण तथा कोभिड-१९ लाई एकीकृत उच्च प्राथमिकता दिने, दिन लगाउने: मानव जीवनलाई प्रत्यक्ष जोखिम पुर्याउनबाट बचाउने ।
- संक्रामक रोगहरूको स्वास्थ्य नियन्त्रण सिद्धान्तहरूको आधारमा कोभिड-१९ अल्पीकरणबारे बुझ्ने र अनुकूल कार्ययोजना बनाउने । यी स्वास्थ्य सिद्धान्तहरूमा पर्दछन्: (१) संक्रमणको स्रोत नाश गर्ने, (२) संप्रेषण मार्ग अवरूद्ध गर्ने, (३) संकटाभिमुख समूहलाई बचाउने ।
- कोभिड-१९ का बिरामीहरूलाई स्व-क्वारेन्टाइन वा तोकिएको सुविधामा राख्नका लागि सुरक्षा योजना बनाउने जसमा पर्दछन् सञ्चार तथा सन्देशका माध्यम, विपद् सुरक्षा क्वारेन्टाइन सुविधाका लागि निस्क्रमण योजना तथा निः संक्रमण पश्चात् स्वास्थ्य सहायता ।

**सिद्धान्त ८: कोभिड-१९ को लकडाउनको समयमा सहर तथा ग्रामीण क्षेत्रको लागि विशेष निः संक्रमण निर्देशिका बनाउने**

- विपद्विरूद्ध प्रभावकारी निः संक्रमण तथा सुरक्षित ग्यारेण्टीका लागि लकडाउन क्षेत्रमा विशेष पूर्व चेतावनी दिने र आतङ्क फैलाउने कार्यहरूको रोकथाम गर्ने ।
- आतङ्क तथा बढ्दो संक्रमणको फैलावट रोकथाम गर्न लकडाउनको बेला आपतकालीन निः संक्रमण योजना बनाउने । विशेष क्षेत्रमा निषेध बढाउने गरी समयक्रममा आधारित विपद् प्रतिकार्य योजना बनाइनुपर्छ ।
- लकडाउनको समयमा विपद् आइपरेमा सुरक्षित क्षेत्र तथा निः संक्रमण मार्ग तोक्न स्थानीय अधिकारीहरूसँग संयोजन गर्ने ।

*कोभिड-१९ को समयमा विपद्लाई राम्ररी व्यवस्थापन गर्दा विश्वव्यापीरूपमा खरबौं डलर बचाउन सकिन्छ ।*

NOTARY PUBLIC COUNCIL
Name: Ambika Pd. Menengbo
Regd No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu

"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public

30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640207

**सिद्धान्त ९: आर्थिक विनाश नहोस् भन्नका लागि कोभिड-१९ को समयमा विपद् जोखिम न्यूनीकरण क्रियाकलापहरूमाथि प्रभावकारी लगानी गर्ने**

- मिश्रित प्रकोपले अपूरणीय आर्थिक विनाश गर्न सक्ने कुरालाई ध्यानमा राखी विपद् तथा जलवायु सम्बन्धी जोखिमलाई सम्बोधन गर्न आपत्कालीन बजेट तथा कोष हुनुपर्ने हुनाले महामारी लगानी अपिलका लागि कोष खडा गर्ने । बैंक र/वा बिमा कम्पनीहरूले विपद्को समयमा प्रतिकार्य गर्न कोषमा तत्काल पहुँच दिन सकून भनेर तिनीहरूसँग आपत्कालीन आर्थिक सम्झौता गर्ने ।
- कोभिड-१९ को समयमा तीव्ररूपमा उदयीमान तथा परिवर्तन भईरहेका विभिन्न जोखिमबारे योजना बनाउन तथा प्रतिकार्य गर्न विपद् जोखिम न्यूनीकरण प्रतिनिधिहरूलाई सक्षम बनाउनका लागि लचकदार कोष तथा भुक्तानीको सुनिश्चितता गर्ने ।
- विपद् तथा महामारी सम्बोधन गर्न आवश्यक सामान तथा सेवा खरिदका लागि मूल्य, आपूर्ति, समय तथा विशिष्टीकरण सम्वन्धी तथ्याङ्क सहित विश्वव्यापी, डिजिटल तथा डाटामा आधारित योजना बनाउन विपद् जोखिम व्यवस्थापन क्षमता अद्यावधिक गर्ने । उदाहरणका लागि उत्पादन क्षमतामा कमी, लामो कठिन तथा अतिभारित आपूर्ति शृंखला तथा प्रतिस्प्रधात्मक खरिदकर्ता जस्ता चुनौतीहरूको सामना गर्न सक्ने योजना बनाउने ।
- स्पर्श संक्रमण मार्फत कोभिड-१९ को फैलनबाट रोक्न हालसालै रेडक्रसद्धारा पूर्वी अफ्रिकामा विपद् पिडीतहरूका लागि वितरण गरिए बमोजिम टेलिफोनमा आधारित डिजिटल मुद्रा भूक्तानी तथा डिजिटल मुद्रा मार्फत् विपद् जोखिम न्यूनीकरणमा डिजिटल भुक्तानी संयन्त्रलाई प्रोत्साहन गर्ने ।

*कोभिड-१९ तथा विपद्का सहघटित घटना विरूद्ध लडाइँ जित्न विभाजित हुनुको सट्टा विश्वव्यापी ऐक्यबद्धता आवश्यक छ*

**सिद्धान्त १०: हाम्रो विश्वलाई अझ राम्रो बनाउन यस्ता सहघटित चुनौतीहरूको सामना गर्न विश्वव्यापी ऐक्यबद्धता सुदृढ बनाउने**

- महाविपद् उत्पन्न भएमा प्रभावित देशको शासन तथा आर्थिक व्यवस्थाबारे विश्वलाई विश्वास दिलाउन नियमित रूपमा न्यूनीकरण तथा उत्तरदायीरूपमा अन्तर्राष्ट्रिय समुदायसँग विपद् तथा यसको असरबारे सही तथा समयानुकुल सूचना दिने ।

NOTARY PUBLIC नोटरी पब्लिक Name: Ambika Pd. Menengbo Regd. No. 123 Expiry Date: Nov. 03, 2022 AD Date: Nov. 05, 2017 AD District: Kathmandu नेपाल नोटरी पब्लिक परिषद् NEPAL NOTARY PUBLIC COUNCIL

"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public

30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640208

- कोभिड-१९ टास्कफोर्ससँग सक्रियरूपमा समन्वय गर्न तथा निश्चित क्षेत्रमा सम्भावित जलजन्य विपद्बारे सचेत गराउने प्रयोजनको लागि तिनीहरूलाई पहिचानयोग्य जलवायु तथा मौसम सम्बन्धित जोखिम पूर्वानुमान उपलब्ध गराउन विश्व मौसम विज्ञान संगठन तथा UNDRR को संलग्नता मार्फत विश्वभरका मौसम/जलवायू एजेन्सीहरूलाई अनुरोध गर्ने ।
- आवश्यकता अनुसार अन्तर्राट्रिय विपद् जोखिम न्यूनीकरण तथा मानवीय सहायता कर्मचारी तथा सामग्रीहरूको सहजीकरण गर्ने । प्रवेश निषेध गरिएको अवस्थामा अन्तर्राट्रिय विपद् जोखिम न्यूनीकरण तथा मानवीय सहायता कर्मचारी तथा सामग्रीहरू प्रभावित देश तथा क्षेत्रमा पुर्याउन स्थापित प्रोटोकल आवश्यकता पर्न सक्छ। महामारीको समयमा सुरक्षा सहायताका लागि भिसा जारी, क्वारेन्टाईन तथा भन्सार अनूमती तथा प्रोटोकल जस्ता सहजीकरण व्यवस्थाबारे देशहरूले पहिले नै विचार तथा योजना बनाउनुपर्छ। पठाइएको टोलीसँग सुरक्षा किट हुनुपर्छ। कोभिड-१९ को प्रभावित क्षेत्रमा प्रवेश गर्नुभन्दा अगाडि त्यस्ता अन्तर्राष्ट्रिय सहायता टोलीहरूलाई स्वास्थ्य बीफ्रिङ गर्नुपर्छ। रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ तथा रेडक्रस सोसाइटिजद्धारा जारी "अन्तर्राष्ट्रिय विपद् राहत तथा प्रारम्भिक पुर्नलाभ सहायताको घरेलु सहजीकरण तथा नियमावाली निर्देशिका" को प्रयोगलाई पवर्द्धन गरिनुपर्छ।
- विपद् जोखिम न्यूनीकरणका उदाहरणहरूलाई पछयाउँदै महामारीनीति तथा नियमावलीहरूको विशेष क्षेत्रीय निकाय स्थापनाका लागि छलफल गर्ने । उदाहरणका लागि दक्षिणपूर्व एसियाली राष्ट्रहरूको संघले क्षेत्रीय केन्द्र स्थापित गरी सीमापार मुद्दा तथा विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रीय/अन्तर्राष्ट्रिय सहकार्यको सम्बोधन गरेको छ। तीव्र परिवर्तित अवस्थामा सीमा पुनः खोल्न तथा उत्थानशील तरिकाद्धारा अत्यावश्यक सामान तथा व्यक्तिहरूको यातायातका लागि छलफल गर्न त्यस्तो संयन्त्र महत्वपूर्ण हुन्छ।
- विपद् तथा अन्य आकस्मिक घटनाको कारणले आप्रवासी तथा शरणार्थीहरू भएका व्यक्तिहरूलाई कोभिड-१९ को समयमा प्रवेशमा प्रतिबन्ध लगाउनुभन्दा विशेष कूटनीतिक शिष्टाचार पालना गर्ने तथा कोभिड-१९ बाट तिनीहरूलाई संरक्षण गर्ने कुरालाई विचार गरिनुपर्छ।
- विभिन्न दृष्टिकोणबाट जोखिम नक्साङ्कन गर्ने तथा प्रकोपले सीमा वा राजनीतिलाई वास्ता नगर्ने असीमित/सीमाहिन हुनाले सहयोगात्मक शैलीमा काम गर्ने । विभिन्न क्षेत्रहरूमा समाधान खोज्ने जस्तैः पानी, सरसफाइ तथा स्वच्छता, ऊर्जा, शिक्षा, स्वास्थ्य तथा पोषण, जीवनयापन, बाल तथा सामाजिक सुरक्षा, आवास तथा घडेरी तथा सार्वजनिक खुल्ला ठाउँ ।

NOTARY PUBLIC नोटरी पब्लिक
Name: Ambika Pd. Menengbo
Regd. No. 123
Expiry Date: Nov. 03, 2022 AD
Date: Nov. 05, 2017 AD
District: Kathmandu
नेपाल नोटरी पब्लिक परिषद्
NEPAL NOTARY PUBLIC COUNCIL



"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public
30 JAN 2022

Distributed by:
Nepal Notary Public Council
S.N. 640209

- प्रत्येक देशले आफ्ना नागरिकहरूको सुरक्षा तथा भलाइका लागि सबैभन्दा पहिले र महत्वपूर्ण प्राथमिकता दिनुपर्छ भन्ने कुरालाई मनन गर्दै प्रकोपको सामना गर्न संघर्ष गरिरहेका कम तथा मध्यम आय भएका देशहरूलाई अन्तर्राष्ट्रिय सहयोग विस्तारित गर्ने । हामीमध्ये कसैले भोग्नु पर्ने त्रास भनेको हामी सबैका लागि समेत त्रास हो । कोभिड-१९ को तथा विपद्को सामना गर्न हामी जति सबल छौं त्यति नै कमजोर पनि छौं भन्ने कुरामा सचेत हुने ।
- सीमापार तथा सरकारस्तर जोखिमबारे बुझ्न तथा न्यूनीकरण गर्न समन्वयकारी अवधारणा बनाउने । राष्ट्रिय विपद् जोखिम व्यवस्थापन एजेन्सि सहित सम्पूर्ण सम्बद्ध मन्त्रालयका क्षमताहरूबाट लाभ लिन कोभिड-१९ ले सम्पूर्ण सरकारी अवधारणाको आवश्यकतालाई उजागर गरेको छ ।
- हाम्रो विश्वलाई अझ राम्रो बनाउन पुनर्लाभ योजना अहिले नै सुरू गर्ने । राष्ट्रिय तथा स्थानीय सरकारले राष्ट्रिय तथा स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति (सेन्डाई कार्यसंरचना-Sendai Framework) मा जैविक प्रकोप तथा जोखिमलाई समेत समेट्नुपर्छ । सार्वजनिक तथा निजी प्रणाली भविष्यमा हुन सक्ने प्रकोपको सामना गर्नका लागि उत्थानशिलताका रूपमा निर्माण गरिएका छन् भनि सुनिश्चित गर्न नयाँ योजना तथा डिजाइनका लागि यस विपद्द्वारा निम्त्याइएका चुनौती आधार बन्नेछ ।

"The Translation Copy is True and Verified"
Signature:
Name: Ambika Pd. Menengbo
Date:
Certificate Number of the Notary Public: 123
Date of Expiry of Certificate: Nov.03, 2022 AD
Seal of the Notary Public

NOTARY PUBLIC नोटरी पब्लिक Name: Ambika Pd. Menengbo Regd. No. 123 Expiry Date: Nov. 03, 2022 AD Date: Nov. 05, 2017 AD District: Kathmandu नेपाल नोटरी पब्लिक परिषद् NOTARY PUBLIC COUNCIL



30 JAN 2022